# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शनिश्चरे, झापा
## स्थापना: २०७३

प.सं. ०७४।०७५
च.नं. १९४८

मिति :- २०७४।१२।०५

विषय: परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि निर्देशन ।

श्री अर्जुनधारा नगरपालिका अन्तर्गतका
सम्पूर्ण कक्षा ८ सञ्चालित विद्यालयहरु

आधारभूत तह उत्तीर्ण परीक्षा समिति (कक्षा ८) को मिति २०७४।१२।०५ को बैठकको निर्णयानुसार तपसिल बमोजिमको समय तालिकामा सञ्चालन हुन गइरहेको कक्षा ८ को अन्तिम परीक्षा मर्यादित स्तरीय र व्यवस्थित रुपमा सञ्चालन गर्न तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

परीक्षा तालिका: समय: १:०० बजेदेखि

| सि.नं | मिति | बार | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७४/१२/०९ | शुक्रबार | अंग्रेजी | |
| २ | २०७४/१२/१० | शनिबार | | सार्वजनिक विदा |
| ३ | २०७४/१२/११ | आइतबार | | रामनवमी सार्वजनिक विदा |
| ४ | २०७४/१२/१२ | सोमबार | गणित | |
| ५ | २०७४/१२/१३ | मंगलबार | नेपाली | |
| ६ | २०७४/१२/१४ | बुधबार | सामाजिक तथा जनसंख्या शिक्षा | |
| ७ | २०७४/१२/१५ | बिहिबार | पेशा व्यवसाय तथा प्रविधि | |
| ८ | २०७४/१२/१६ | शुक्रबार | विज्ञान तथा वातावरण | |
| ९ | २०७४/१२/१७ | शनिबार | | सार्वजनिक विदा |
| १० | २०७४/१२/१८ | आइतबार | स्वास्थ्य शारीरिक+ नैतिक शिक्षा | |
| ११ | २०७४/१२/१९ | सोमबार | स्थानीय विषय | |

**परीक्षा सम्बन्धी निर्देशन**

१. परीक्षा केन्द्र सम्बन्धित विद्यालयमै रहने र परीक्षाको केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै रहने व्यवस्था गरिएको छ ।

२. परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष, निरीक्षक तथा सहयोगीको व्यवस्था, प्रयोगात्मक परीक्षा हुने विषयको प्रश्नपत्र निर्माण र मूल्यांकन, परीक्षा सञ्चालन सम्बन्धित विद्यालयले नै गर्नुपर्नेछ ।

३. परीक्षाका लागि प्रश्न पत्र, उत्तरपुस्तिका लगायत अन्य परीक्षा सामग्री २०७४/१२/८ गते परीक्षा केन्द्र(सम्बन्धित विद्यालय) मा नै आधारभूत तह उत्तीर्ण परीक्षा उप समितिद्वारा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

४. परीक्षा सामग्री तथा प्रश्न पत्रहरुको संरक्षण र सुरक्षा गर्ने दायित्व प्रधानाध्यापक/केन्द्राध्यक्षको हुने छ । कुनै कारणले उक्त परीक्षा सामग्रीहरुको दुरुपयोग तथा गोपनियता भंग भएमा प्रधानाध्यापक/केन्द्राध्यक्ष स्वयं जवाफदेही हुनुपर्नेछ ।



राधाकृष्ण ... प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शनिश्चरे, झापा
## स्थापनाः २०७३

प.सं. ०७४।०७५
च.नं.

५. परीक्षा सञ्चालन हुनुभन्दा आधा घण्टापूर्व केन्द्राध्यक्ष सहित कम्तिमा ३ जना शिक्षकहरुको रोहबर/उपस्थितिमा मुचुल्का तयार गरी प्रश्नपत्रको खाम खोली प्रश्न पत्र रुजु गर्नुपर्नेछ । प्रश्नपत्र अपुग भएमा, प्रश्नपत्र अस्पष्ट भएमा वा अन्य प्राविधिक समस्या आएमा केन्द्राध्यक्षले आवश्यक व्यवस्था मिलाई परीक्षा समितिमा जानकारी दिनुपर्नेछ ।

६. सीट प्लानिगं सम्बन्धी व्यवस्था परीक्षा केन्द्रको सूचना बोर्ड र परीक्षा हल बाहिर परीक्षार्थीहरुको जानकारीका लागि अनिवार्य रुपमा टाँस गर्ने ।

७. प्रत्येक दिनको परीक्षामा उपस्थित/अनुपस्थित परीक्षार्थीहरुको विवरण परीक्षा उपसमितिमासोही दिन जानकारी दिने

८. परीक्षार्थीहरुलाई आवश्यक पर्ने निर्देशन दिने (जस्तैः परीक्षा शुरु हुने समय, शौचालय जान पाउने समय, प्रयोग गर्न पाउने सामाग्री तथा उपकरण आदि )

९. उत्तरपुस्तिकामा केन्द्राध्यक्ष र निरिक्षक दुवैको दस्तखत हुनुपर्नेछ ।

१०. परीक्षार्थीले उत्तरपुस्तिकामा सिम्वोल नं, विद्यालय कोड नं, विषय र परीक्षा मिति प्रष्टसँग लेखे नलेखेको, उत्तरपुस्तिका पुरा भए नभएको जाँच गरी हरेक दिन परीक्षा सम्पन्न भएपश्चात् उत्तरपुस्तिका खामबन्दी गरी सुरक्षित राख्ने र परीक्षा उपसमितिले निर्दिष्ट गरेको मितिमा शनिश्चरे श्रोत केन्द्र/परीक्षा उप समितिमा बुझाउने

११. परीक्षा फाराम नभरेका विद्यार्थीलाई परीक्षामा सामेल नगराउने तथा प्रवेश पत्र हराएको अवस्थामा परीक्षा उप समितिमा सम्पर्क गरी प्रतिलिपिको व्यवस्था गर्नुपर्नेछ ।

१२. परीक्षाको क्रममा कुनै विद्यार्थी शारीरिक रुपमा लेख्न असमर्थ भएको अवस्थामा केन्द्राध्यक्षले वास्तविक अवस्था एकीन गरी कक्षा ७ सम्मको विद्यार्थीलाई सहयोगी लेखकको रुपमा राख्न दिन सक्नेछन् ।

१३. तोकिएको दिन परीक्षा दिन छुट भएका विद्यार्थीहरुका लागि पुनः परीक्षाको व्यवस्था हुने छैन ।

१४. प्रयोगात्मक मूल्यांकन हने विषयहरुको पाठ्यक्रममा व्यवस्था भए अनुसार मूल्यांकन गरी परीक्षा उप समितिबाट प्राप्त मूल्यांकन फाराम भरी प्रधानाध्यापकबाट प्रमाणित गरी उत्तरपुस्तिका सहित अनिवार्य बुझाउनु पर्ने छ ।

१५. शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला परीक्षा समन्वय समिति, जिल्ला शिक्षा कार्यालय, अर्जुधारा नगर पालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समिति/उप समितिका पदाधिकारी तथा सदस्यहरु र अनुगमनका लागि नगरपालिकाबाट खटिएको व्यक्ति/कर्मचारीहरुलाई आफ्नो अनुमति पत्र/परिचय पत्र देखाई परीक्षा कक्ष प्रवेश गर्न र निरीक्षण गर्न दिने ।

.............................
राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत